जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- १२, २०८२ असोज ३० गते विहीबार, 16 Oct 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

उपमहानगरले किन गर्‍यो खानेपानीको सुविधा कटौती



फाइल फोटो

○ सहीखबर संवाददाता

मकवानपुर । २०७९ मा स्थानीय तहको निर्वाचनमा हेटौंडा उपमहानगरपालिकाको प्रमुखमा निर्वाचित भएपछि पदभार ग्रहण गर्दै लिइएको पहिलो निर्णय नै खारेजी गरिएको छ ।

पदभार ग्रहण गर्दा उच्च महत्वको साथ लिएको पहिलो निर्णय आफ्नै कार्यकालमा किन खारेजी गरियो ? नगरप्रमुख मिना कुमारी लामालाइ अहिले चौतर्फी यही प्रश्न आउने गरेको छ । तर उनले गम्भिर भएर प्रश्नको सम्बोधन कतै गरेकी छैनन् ।

पदभार ग्रहण गर्दाको पहिलो दिन उनले गरेको त्यो बहुचर्चित निर्णय थियो उपमहानगरवासीलाई १० हजार लिटरसम्म पानी निशुल्क उपलब्ध गराउने ।

उपमहानगरको सर्वसाधारणले प्रयोग गरेको पानीमा १० हजार लिटरसम्मको लागि शुल्क नलिने निर्णय भएपछि अघिल्लो दिन निर्वाचन हारेका उपविजेता र उनका दलको समर्थकहरूले समेत नगर प्रमुखको पक्षमा मत राखे ।

जनताको समस्या बुझ्ने नगर प्रमुख पाएको भन्ने त्यो मत उनले आफ्नै कार्यकालमा रद्द गरिन् । अर्थात अब हेटौंडावासीले पिउने पानी निशुल्क पाउने छैनन् ।

विशेषगरी विपन्न परिवारले पानी निशुल्क पिउन पाउने भएपछि धेरैलाई राहत भएको थियो । त्यो बेला नगरप्रमुखको सकारात्मक निर्णय भएकोमा स्वागत गरेका नगरवासी अहिले रूष्ट बनेका छन्। "सामान्यतय एक परिवारलाई १० हजार लिटर पानीले पुग्थ्यो, पानीको शुल्क तिर्नु नपर्दा पनि हामीलाई धेरै राहत थियो" हेटौंडा ६ का नवराज घिमिरेले भने "घरभाडामा लगाएर बस्नेहरूलाई नपुग्ने हो, हामीलाई पानी खेर नफालि चलाउँदा पुगेको थियो ।"

नेपालको संविधानले समेत शुद्ध पिउने पानीको हकको व्यवस्था गरेको छ, तर नगरप्रमुखले दिँदै आएको पानीको सुविधा कटौंति गरिन् ।

आमचासोको सवाल र जनताको आधारभूत सेवालाई स्थानीय सरकारले मनन नगरेकोमा विशेष गरी विपन्न सर्वसाधारणहरूलाई धोका भएको छ । दीर्घकालिन सोचबिना सस्तो लोकप्रियताको लागि उक्त निर्णय गरिएको अहिले स्पष्ट भएको छ ।

विभिन्न भाषण र अन्य समयमा समेत आफूले गरेको कामको चर्चा आफैं गर्थिन् लामा । भाषण गरेर यहाँका नागरिकलाई खानेपानीको बाँकी पेज ३ मा

लगानीमा जोखिम, व्यवसायी त्रास्त



○ सहीखबर संवाददाता

मकवानपुर । विभिन्न समयमा विभिन्न आन्दोलन तथा नाकाबन्दीको मारमा उद्योगी व्यवसायीहरू पर्ने गरेका छन् । नाकाबन्दी, महाभुकम्प र पछिल्लो पटक कोरोना महामारीको कारण थिलोथियो भएको उद्योग व्यवसाय पुन: जेनजी आन्दोलनपछी हट्किएका छन् ।

यस्ता प्रकारका विभिन्न आन्दोलनको कारण लगानी डुब्ने भयले लगानीकर्ताहरू हट्किएका हुन् । जेनजी आन्दोलनपछि देशको राजनैतिक अवस्था कता जाने भन्ने अन्यौलता सिर्जना भएको छ । जसले लगानीकर्ताहरू अहिले नै लगानी गर्ने मनस्थितिमा नभएका हुन् । "आन्दोलनको प्रभाव एकातिर छन्, अबको समय कसरी अघि बढ्छ भन्ने पनि झनै अन्यौल छ" एक व्यवसायिले भने "ऋण लिएर गरिने लगानीले प्रतिफल दिने भरोसा नै छैन कसरी जोखिम उठाउनु ।"

आन्दोलनलगतै दसैं, तिहार, छठजस्ता पर्वहरु जारी छन् तर बजारमा चलपहल विगतमा झै छैन । उत्पादन र बजारको माग दुबैमा सुस्तता छ । यहाँका अधिकांश उद्योगहरुले हाल उत्पादन कटौती गरेका छन् । अधिकांश उद्योगहरुले आफ्नो सार्विकको उत्पादन क्षमतालाई घटाएर ४० प्रतिशतको न्यून क्षमतामा सञ्चालन गरिरहेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापक कार्यालयले जनाएको छ ।

समग्र औद्योगिक वातावरण नै निराशाजनक बनिरहेको अवस्थामा लगानी विस्तार गर्ने विषयमा दुविधा उत्पन्न भएको उद्योगीहरुको मनाइ छ । भविष्यको योजना बनाउने कि हालकै अवस्थामा चित्त बुझाउने भन्ने विषयमा हेटौंडा औद्योगिक क्षेत्रका उद्योगीहरु अन्योलमा देखिएका छन् ।

लगानीको सुरक्षा र स्थिर नीतिको अभावमा उद्योगीहरु हट्किँदा हेटौंडा औद्योगिक क्षेत्रको समग्र भविष्य नै चुनौतीपूर्ण देखिएको छ । आन्दोलनले उत्पादन प्रणालीमा अवरोध, आपूर्ति श्रृखलामा असर र लगानीकर्तामा त्रास बढाएको छ । यसले समग्र औद्योगिक वातावरणलाई नै प्रभावित पारेको उद्योग वाणिज्य संघ मकवानपुर अध्यक्ष प्रमोद सिं रानाभाट बताउँछन् ।

चाडपर्वको चहलपहलसँगै हेटौंडा औद्योगिक क्षेत्रका उद्योगहरुको उत्पादनमा पनि गिरावट आएकोले उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयकी प्रमुख संगीता कुँवरले जानकारी दिइन् । उनका अनुसार, हाल उद्योगहरु १० देखि ४० प्रतिशत क्षमतामा मात्र चलिरहेका बाँकी पेज ४ मा

जेसीआई मकवानपुरगढी जेसीज कपको फाइनलमा

○ सहीखबर संवाददाता

मकवानपुर । डिफेन्डिङ च्याम्पियन जेसीआई मकवानपुरगढी मनहरी ४ मा जारी तेस्रो चैनपुर जेसीज मनहरी कप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

बुधबार भएको पहिलो सेमिफाइनलमा कमाने फुटबल एकेडमीलाई सडनडेथमा स्तब्ध पार्दै मकवानपुरगढी जेसीजले फाइनल भिडन्त पक्का गरेको हो। निर्धारित समय र टाइब्रेकरमा समेत बराबरी भएपछि सडनडेथबाट विजेताको टुंगो लगाइएको हो ।

निकै प्रतिस्पर्धात्मक खेलमा कमानेले नै सुरूवाती अग्रता लिएको थियो । पहिलो हाफ गोलरहित बराबरी भएकोमा दोस्रो हाफको पाँचौ मिनेटमा कमानेका गम्भीर तामाङले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए। ६१ औं मिनेटमा मकवानपुर गढीका गणेश हमालले हेडमार्फत गोल गर्दै खेललाई बराबरीमा ल्याए । बाँकी समय गोल हुन नसक्दा खेल सिधै टाइब्रेकरमा धकेलिएको थियो । टाइब्रेकरमा कमानेका गम्भीर तामाङ, सुरज तामाङ, सुहान तामाङ र एनिस लामाले गोल गर्दा समर्पण नगरकोटीको प्रहारलाई गढीका गोलरक्षकले बचाएका थिए ।

टाइब्रेकरमा मकवानपुर गढीका राकेश चौधरी, समीर ढकाल, वसन्त कुमाल र देव गुरूङको प्रहार गोल हुँदा साहिल ढकालको प्रहारलाई जेसीजका गोलरक्षकले बचाए । सडनडेथमा कमानेका सुजन खड्की, राजेश गोले, नवीन थापा मगरको प्रहार गोल हुँदा किसन थापा मगरको प्रहार बाहिरिएको थियो ।

यता जेसीजबाट गणेश हमाल, कुमार लामा, निर्णय पौडेल र लाक्पा लामाले गोल गरेका थिए । खेलको म्यान अफ द म्याच जेसीजका गणेश हमाल घोषित भए । मकवानपुरगढी जेसीजले अब बिहीबार हुने पटिहानी इभेन्ट्स र गुरूशिष्य पाठशालाबीचको विजेतासंग १ गते फाइनल खेल्नेछ ।

चैनपुर जेसीज मनहरीको आयोजनामा २३ गते बाट सञ्चालन भैरहेको प्रतियोगिता विजेताले एकलाख १ हजार १११ रूपैयाँ र उपविजेताले ५१ हजार १५१ रूपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै सर्वोत्कृष्ट खेलाडीले १० हजार र बाँकी विधागत उत्कृष्टले जनही नगद ५ हजार रूपैयाँ र ट्रफी प्राप्त गर्नेछ ।

शुभकामना



नजिकीदै गरेको यमपञ्चक (तिहार)को अवसरमा हाम्रा विज्ञापन दाताहरू, आमपठक वर्गहरू, स्तम्भकारहरू, कानून सल्लाहकार रूलगायत समस्त नेपालीहरूमा शक्तिस्वरुपा देवी दुर्गा माताले सुख, शान्ति, स्वास्थ्य, समृद्धि एवं प्रगतिमा उत्तरोत्तर सफलता प्रदान गरून् हार्दिक मंगलमय शुभकामना ।

सहीखबर साप्ताहिक परिवार

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

पर्व र सामाजिक मर्यादा

खराब मौसमको बाबजुत वडादशै पर्वको बिदाइ गरिएको छ । यसैसाताबाट तिहार (यमपञ्चक) सुरू हुँदैछ ।पर्वकै संघार भएकाले कतिपय कर्मचारीहरू काममा फर्केका छैनन् ।कतिपय घुमाघाम र पारिवारीक मिलनको कार्यलाई तिव्रता दिइरहेका छन् । चाडपर्व मनाउँदा पर्वको मौलिकतासँगै आफ्नो आर्थिक हैसियत तथा सामाजिक मर्यादालाई पनि ख्याल गर्न सकियो भने पर्वकै कारण पछिल्ला दिनहरूमा अनावश्यक समस्या भेल्नु पर्दैन ।

चाड पर्वलाई मर्यादीत बनाउनका लागि व्यक्ति समाज तथा समुदायको सोचाइमा पनि परिवर्तन आवश्यक हुन्छ । चाडपर्वको समयमा पारिवारिक, सामाजिक र सांस्कृतिक मूल्यलाई सुरक्षित राख्नुपर्छ । धार्मिक र सांस्कृतिक मूल्यहरुको सम्मान, सामुदायिक एकता, वातावरणको संरक्षण, सादा जीवनशैली अपनाउनु, युवा पीढीको शिक्षामा विशेष ख्याल गर्न सकियो भने पर्वहरू मर्यादीत बनाउन सकिन्छ ।

चाड पर्वको धार्मिक र सांस्कृतिक महत्वलाई बुझ्ने र सम्मान गर्ने गर्दा यसले पौराणिक कथाहरु र परम्परालाई मनन गर्दै चाडको वास्तविक उद्देश्यलाई ध्यानमा राख्न मद्दत गर्छ। चाड पर्वहरु सामुदायिक एकता र सद्भावना फैलाउने अवसर हुन्। विभिन्न जाति, धर्म र संस्कृति मिलेर चाड मनाउँदा एकता र सहिष्णुताको भावना बलियो हुन्छ। पर्वको समयमा प्रदूषण नथप्ने र वातावरणलाई ध्यानमा राख्नुपर्छ। प्लास्टिकको प्रयोग घटाउने, प्राकृतिक सामग्रीको प्रयोग गरेर चाड मनाउने जस्ता प्रयासहरु गरिनु पर्छ। यसैगरी पर्वलाई भव्यताभन्दा सादा र अर्थपूर्ण मनाउने प्रयास गर्नुपर्छ। यसले आर्थिक भार कम गर्छ र चाडको वास्तविक आनन्दलाई बढाउँछ।

बालबालिका र युवालाई पर्वको साँचो अर्थ र महत्व सिकाउनु आवश्यक छ। जसले भविष्यमा चाडलाई अझ बढी मर्यादित र अर्थपूर्ण बनाउन मद्दत पुर्याउँछ। सचेत बनौ पर्वहरूलाई मर्यादीत ढंगले मनाउन पहल गरौं ।

जेनजीसँगको आधारभूत असहमतिः एक दृष्टिकोण



भोजराज ढकाल

अबोध जेनजी रगतको लक्ष्य सरकार हटाउनु मात्र हो ? प्रमाणित गर्नुपर्छ । खरानीबाट उठ्नुपर्नेछ । आउने पिँढी देशमा रहने अवश्था देखिँदैन । निजी सम्पत्तिमा र निजी लगानीमा आगो लगाइयो । निजी सम्पत्तिको पूर्णतः संरक्षण नगरी लगानीको वातावरण बन्दैन ।

असहमति १: प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री र राष्ट्रपति

प्रत्यक्ष कार्यकारीका सन्दर्भमा लामो समयदेखि फरक मत प्रकट गर्दै आएको छु । प्रत्यक्ष कार्यकारी प्रणाली सबै समस्याको अचुक औषधि हो भन्ने भाष्य स्थापित गर्नु मुर्खता हो । जेनजीको पहिलो माग प्रत्यक्ष कार्यकारी राष्ट्रको श्राप हुनुहुँदैन । प्रत्यक्ष कार्यकारी नेपालका लागि उपयुक्त अस्त्र होइन । नेपाल नरहनेसम्मका खेल खेलिँदैछ । न्याउरीमारी पछुतो नहोला भन्न सकिँदैन । प्रत्युत्पादक हुँदैन भन्ने सुनिश्चितता के छ ?

नेपाली जिओपोलिटिक्सको प्रभावले समेत प्रत्यक्ष कार्यकारी घातक सिद्ध हुनेछ । बरदान हुन सक्दैन । देशद्रोहीलाइ निर्वाचन जिताएर बैधानिक तरिकाले नेपालको अस्तित्व समाप्त गर्ने खेल खेलिनेछ । करेक्सन गर्ने समय पनि हुँदैन । हामी सबै डुबिसकेका हुनेछौं ।

युक्रेन पनि प्रत्यक्ष कार्यकारी निर्वाचित सरकार हो । एउटा फन्दुस र अराजनीतिक व्यक्तिलाइ निर्वाचित गराइयो । स्वर्ग भन्दा सुन्दर युक्रेन मसानमा परिणत भयो । ससदिय शासन प्रणाली भएको भए युक्रेनले आजको दुर्गति भोग्नु पर्दैन्थ्यो । ससारका सबै शासन प्रणालीका सकारात्मक र नकारात्मक दुबै पाटा छन् । बृहत अनुसन्धानबाट मात्र अगाडि बढ्न सुझाव छ ।

प्रत्यक्ष कार्यकारी, किन ? राजनीति स्थिरताका लागि हो ? भ्रम नरहोस्, कसैलाई ५ वर्ष टिक्न दिइँदैन । अहिलेको दुई तिहाइको सर कार तासको महल जस्तो गल्यामगुर्लुम ढालियो । प्रत्यक्ष कार्यकारी कसरी टिक्छ ? सुनिश्चितता के छ ? अलोकतान्त्रिक गतिविधि भएपछि कोहि टिक्न सक्दैन । सडकबाट सत्ता कब्जा र सडकबाटै सत्ता च्युत खतराको घण्टी हो । लोकतन्त्रको मान्यता के हो ? एकपटक मत प्रकट भएपछि सामान्यतया ४/५ वर्षको अवधि हुन्छ । जनता स्वतन्त्र छन् । अर्को पटक मत दिने नदिने अधिकार जनतामा निहित विषय हो । लोकतन्त्रमा जनताको परिक्षामा सफल हुनुपर्छ ।

भोली जेनजीलाई निर्वाचनमा बहुमत प्राप्त भयो । जेनजीलाइ कसैले टिक्न दिँदैन । चाहे त्यो प्रत्यक्ष कार्यकारी होस् अथवा संसदीय प्रणाली किन नहोस् । स्थिरता कसैलाई चाहिएको छैन । सबैले आगो लगाउन सिकिसके । सबै आन्दोलन गर्न खप्पिस भए ।

दुई प्रणालीको छनोट नेपाली माटोको हीत सुहाउँदो हुनुपर्छ । भोलि पुनः प्रत्यक्ष कार्यकारी हटाउन अर्को आन्दोलन र धेरैले रगत बगाउनु नपरोस् । सपना बाह्रन जति सजिलो हुन्छ व्यबहारमा चित्रण गर्नु कठिन कार्य हो ।

असहमति २: पार्टी र नेतृत्वका सन्दर्भ

पार्टी र नेतृत्वका सन्दर्भमा फरक मत छ । पार्टी , नेतृत्व र र ाजनीति उमेरजन्य विषय हुदै होइन । पार्टी र नेतृत्व उमेर वृद्धिसँगै परि पक्वता बढ्छ र देश र जनताको हितमा हुन्छ । चीन , अमेरिका र भार तको राजनीति इतिहास अध्ययन गर्न सुझाव छ । उमेरजन्य विषयको अर्थ ७० माथि भनेको होइन । ४० माथि पनि हो । जुनसुकै उमेरसग पनि क्षमता, दृष्टिकोण, विचार, कृयाशिलता, इमान्दारिता, तत्परता छ भने पर्याप्त हुन्छ । जेनजीको समय करिअर निर्माण गर्ने हो । भोलिको भविष्य हो । भोलिको शासक हो । आज बाँदरको हातमा भनेझैं हुँदैछ ।

जेनजी आन्दोलन आफैंले प्रमाणित गर्‍यो । ७३ वर्षिया बयोबृद्ध मानिसलाई प्रधानमन्त्री बनाइयो । बिश्वका औसत नेतृत्व गर्नेहरू ६५ देखि ७५ वर्षका छन् । आन्दोलनले अराजनीतिक र अपराधीक झुन्डलाई देशको नेतृत्व सुम्पियो । अबको देश जेनजीहरूकै हो । हाम्रो पुस्तालाई लुतो न कन्याइ ।

प्रमुख तीन पार्टीका मुल नेतृत्व हटाउनु सबै समस्याको समाधान हो भन्ने भ्रम त्यागौं । जनता र कार्यकर्ताको मन जित्न सफल भए कसैको केहि लाग्दैन । लोकतन्त्रको मान्यता हो । दुई पटक भन्दा धेरै प्रधानमन्त्री हुन नपाइने व्यबस्था सबिधानमै व्यबस्था हुनुपर्छ । तर अलोकतान्त्रिक अभ्यास गर्न छुट छैन ।

असहमति ३: पार्टीहरूका सन्दर्भ

आन्दोलनले मुल पार्टीहरूलाई सबक सिकायो । जेनजीहरू मुल पार्टीको बिरोधी हो जस्तो लाग्दैन ।राष्ट्र रहेसम्म लोकतन्त्र र लोकतन्त्र रहेसम्म पार्टी एक अर्काको परिपुरक हुन् भन्ने बुझाइ जेनजीको हुनुपर्छ । पुराना पार्टीहरूलाइ सुदृढ र पारदर्शी भएर अगाडि बढ्न सचेत गराए । खरानीमा डुबेर पनि भोलि देश ड्राइभ गर्ने पुराना पार्टीहरू नै हुन् । २१ औ शताब्दीको विश्व हेरेर समृद्धिको जहाज हाक्न सक्षम पार्टी निर्माण गर्ने अवसर दियो । आजको पुस्ताको माग सम्बोधन गर्नुपर्छ । दलहरू स्थापित र बिस्थापित हुन सक्छन् तर दल बिहिन लोकतन्त्र हुन सक्दैन । लोकतन्त्रमा निरकुशता कसैले स्वीकार गर्दैनन । जेनजीको नाममा अपराध मच्चाउनेहरूको गैह राजनीतिक टिप्पणीप्रति होसियार हुनुपर्छ ।

असहमति ४: भ्रष्टाचार र शुसासनका सन्दर्भमा

शुसासन, समृद्धि र भ्रष्टाचारको सन्दर्भमा फरक मत छ । जेनजीको मात्र होइन, सबैको स्पिरिट एउटै हो । गीत गाउने विषय होइन । भ्रष्ट नेता, भ्रष्ट पार्टी, भ्रष्ट कर्मचारी, भ्रष्ट जनता सबैको गीत एउटै हो । जनयुद्ध ६३/६३ पछाडि नेपालमा भ्रष्टाचारको मात्रा आकासियो । लाखौंमा हुने भ्रष्टाचारको मात्रा करोडौंमा पुग्यो । अबको मात्रा करोडौंबाट अरबमा नपुगोस् । भ्रष्टाचार र शुषासनको नाममा आन्दोलन हुन्छ भ्रस्टाचारनै मलजल भएर देखापर्छ ।

सडकले भ्रष्टाचार नियन्त्रण गर्न सक्दैन र गर्ने पनि होइन । मृत्यु दण्ड दिने देशहरूमा पनि भ्रष्टाचार हुन्छ । प्रभावकारी सयन्त्र विना भ्रष्टाचार नियन्त्रण सम्भब हुदैन । भ्रष्टाचार नियन्त्रण गर्न हाम्रो कानुनहरू किन बिफल भए अध्ययनको खाचो छ । यहाँ देश उठ्न दिँदैन । जेनजीले पक्कै बुझ्ने दिन आउँछ । नेपालको अबस्था लुडो जस्तै हो । ९९ सयबाट पुनः १ फेरि प्रयास गर्यो फेरि उस्तै ।

असहमति ५: आन्दोलनपछिका व्यवस्थापन

आन्दोलन पछाडिको ब्यबस्थापनका सन्दर्भमा फरक मत छ । जेनजीको आन्दोलन र विध्वंसलाई एउटै बास्केटमा राखेर दृढ गर्न खोजिदैछ । जेनजीको भावना बिपरित घुसपैठ गरेर देश जलाइयो । सपना पनि नदेख्ने गरी देश जल्यो । आन्दोलनलाई नारकीय बनाउने, विध्वंस गर्ने अपराधिक जत्थालाई दण्डित गर्नुपर्छ । अपराध कसैको पक्षमा हुदैन । भोलि कथा दोहोरिन पनि सक्छ । सबैभन्दा असुरक्षित जेनजी हुनेछन् । अपराध र विध्वंसलाई प्रसय दिनुहुँदैन । जेनजीको आबरणमा अपराध गर्ने, तर्साउने प्रति सजक हुनुपर्छ । २४ गतको सन्ध्यामा देश जलेको देखेपछि जेनजीको होस् आएको हुनुपर्छ । भित्री रहस्य खुल्दै जानेछन् । खुलिरहेका पनि छन् । स्वतन्त्र रुपमा छानबिन हुन दिनुपर्छ । जेनजी आफैंले घुसपैठ स्वीकार गरिसकेको छ । जेनजीको आवरणमा अपराध गर्नेलाई कठोर दण्डित गर्नुपर्छ । जेनजीको उद्देश्य पक्कै विध्वंस होइन । भोलि जेनजी आफैंले सरकारको नेतृत्व गर्दा कथा दोहोरिन सक्छ ।

अबोध जेनजी रगतको लक्ष्य सरकार हटाउनु मात्र हो ? प्रमाणित गर्नुपर्छ । खरानीबाट उठ्नुपर्नेछ । आउने पिँढी देशमा रहने अवश्था देखिँदैन । निजी सम्पत्तिमा र निजी लगानीमा आगो लगाइयो । निजी सम्पत्तिको पूर्णतः संरक्षण नगरी लगानीको वातावरण बन्दैन । रोजगारीको आकार बढाउनुपर्ने सरकार अनेकौं बहानामा रोजगारी कटौती गर्दैछ । जेनजीको सोचभन्दा आन्दोलनको रूप बिकराल भयो । पर्दामित्र ककसको हात छ । कुनकुन घेरामा कुनकुन शक्ति र पात्रहरु परिचालित भए । नेपालकै सार्वभौम नरहने सम्मका खेलहरू भए । राज्य सयन्त्रहरूको हबिगत छर्लङ्ग देखियो । सेनाले पनि आफ्नो गौरव गाथा जोगाउन नसकेको गुनासो छ । (लेखक ढकाल अर्थशास्त्रका सहप्राध्यापक हुन्) केन्द्रबिन्दुबाट साभार ।

उपमहानगरले किन गर्‍यो ....

पेज १ को बाँकी

न्यूनतम महसुल सुबिधा निशुल्क गराइएको गौरवपूर्ण निर्णय गरेको आफैं प्रचार गर्ने उनले किन यो सुविधा एकाएक रद्द गरिन् ?

हेटौंडावासीलाई १० हजार लिटर पानी निशुल्क दिने र यस बापत हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई उपमहानगरले एकमुष्ट भुक्तानी गर्ने सहमति भएको थियो । जस अनुसार उपहानगरले दुई आर्थिक वर्षमा बोर्डलाई पैसा पनि दियो । तर उपमहानगर पालिकाले असोजबाट लागु हुने गरि यो सुविधा खारेज गरेको हो ।

संघीय सरकारको निर्देशन अनुसार यो सुविधा काटौति गरेको मेयर मिना कुमारी लामा बताउँछिन् । तर संघीय सर कारको निर्देशनको कुनैपनि बुँदामा खानेपानीको सुविधा कटौंती गर्नु भनेको देखिदैन । तर, करार र ज्यालादारीका कर्मचारी हटाउनका लागि संघीय सरकार ले निर्देशन दिएको छ, यो निर्देशन भने पालना गरिएको छैन । पछील्लो तीन वर्षको अवधिमा कार्यकर्ता र सेटिङका आधारमा नियुक्त गरिएको कर्मचारी हटाउने अभैं तयारी गरिएको छैन । संघीय सर कारको निर्देशन अनुसार सचिवालयका कानूनी सल्लाहकार र बिज्ञलाई हटाइएको मेयर लामाले बताइन । करारका कर्मचारी हटाउँदा काम गर्नेका लागि समस्या हुने लामाको ढीपि छ ।

एक हातले लिने अर्को हातले दिने नाटक

उपमहानगरपालिकाले खानेपानी निशुल्क दिने निर्णय गरेको केही महिना मै वडावासीलाई धारा जडानको शुल्क भने ह्वात्तै बढायो । एउटा धारा जडानको लागि सिफारिस वापतको शुल्क ५ हजार लिने निर्णय गर्‍यो । पानी निशुल्क पाउने भएपछि ५ हजार शुल्क तिर्न सर्वसाधारण तयार भए । वडा कार्यलयमार्फत संकलन गरिएको सिफारिस शुल्क नै नगरवासीलाई पानी वापतको सोधभर्ना उठाउने राजनीति गरेको टिप्पणी आएपछि निर्णय कार्यान्वयन भयो ।अहिले सुविधा कटौति गरेको भएपछि वडाबाट लिने शुल्क भने घटाइएको छैन । सर्वसाधारणले एउटा धारा जडानको लागि सिफारिस शुल्क मात्रै ५ हजार तिर्नुपर्छ ।

धारा जडानको अन्य खर्च समेत जोड्दा न्यूनतम १० हजारसम्म खर्च हुने गरेको छ । संवैधानिक हक 'शुद्ध पानी पिउने अधिकार' कसरी सम्बोधन गर्‍यो स्थानीय सरकारले ?

अहिले जेनजी आन्दोलनको क्रममा भएको क्षतिलाई सहायता होस् भनेर पानीको सुविधा हटाइएको प्रवक्ता सविन न्यौपाने बताउँछन् । तर जेनजी आन्दोलनको क्रममा भएको क्षतिपछि पनि अनावश्यक भर्ति गरिएका कर्मचारीहरू भने हटाइएका छैनन् । कार्यलयको सजावटमा आवश्यकताभन्दा बढी तडकभडक प्रसस्तै देखिन्छ ।

खर्च कटौति गर्न पानीको सुविधा उल्टाइयो, अनावश्यक कर्मचारी भर्ति भने रोकिएन

उपमहानगरपालिकाका प्रत्येक घर का नागरिकलाई दिएको सुबिधा कटौती गर्ने स्थानीय सरकारले उपमहानगरलाई करार र ज्यालादारी कर्मचारीको भर्तिकेन्द्र बनाउँदै आएको छ ।

नगरप्रमुख र उपप्रमुखको सचिवालयमा अनावश्यक कर्मचारी भर्ति गरेर उनीहरूलाई पाल्नमा भने खर्च कटौति गर्न सकेको छैन । उपमहानगर पालिकामा स्थायी कर्मचारी पनि उत्तिकै छन् । तर, करार र ज्यालादारीका कर्मचारीहरू आफ्ना अनुकुलमा भर्ति केन्द्र बनाउँदा नगरवासीहरूले तिरेको राजश्व रकम त्यसैमा खर्च भएको छ ।

उक्त निर्णयले करिब ८ हजार घर धुरी यस सेवाबाट (जुन एक तिहाइ हुन् आउछ) प्रत्यक्ष प्रभावमा परेका छ । उनले हेटौंडाका १९ वडामा करिब ३० प्रतिशत् उपभोक्ताले छुटको लाभ लिइरहेका थिए । अब हेटौंडाका उपभोक्ताले १० हजार लिटर पानी खपत गरेमा ८५ रूपैयाँ र प्रति एक हजार लिटरमा ३५ रूपैयाँका दरले पानीको भुक्तानी गर्नुपर्नेछ।

हेटौंडा उपमहानगरमा राजस्व संकट देखिएको छ । हरेक वर्ष असार को नगरसभाबाट जनताले तिर्ने कर र कम बृद्धी गर्दा पनि अवैधानिक तरिकाले नियुक्त गरेका करार र ज्यालादारीका कर्मचारीलाई तलब खुवाउन पनि अपुग भएको छ । जनताले तिरेको कर र कमबाट विकास होइन, तलबकै लागि अपुग हुने गरेको छ ।

महालेखा परिक्षकको कार्यालयले सार्बजनिक गरेको लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार हेर्ने हो भने हेटौंडाका १९ वटा वडा कार्यालयबाट विभिन्न शिर्षकमा ७ करोड ७७ लाख ६५ हजार रूपैयाँ कर संकलन भएको छ । तर, विभिन्न बहानामा नियुक्त गरिएका २६७ जना करार र ज्यालादारी कर्मचारीको तलबमै ८ करोड १६ लाख रूपैयाँ खर्च गरिएको उल्लेख छ ।

हेटौंडा उपमहानगरपालिकामा दर बन्दीभन्दा बढी कर्मचारी नियुक्ति, करार प्रणालीको दुरूपयोग, र कानुनविपरीत महंगी, स्थानीय तथा प्रोत्साहन भत्ता वितरण भएको पाइएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । महालेखाको पछिल्लो तथ्यांक अनुसार उपमहानगर को सबै क्षेत्रबाट उठ्ने कुल आन्तरिक राजस्वको झन्डै ७० प्रतिशत हिस्सा कर्मचारीको पारिश्रमिक र भत्तामा खर्च भएको छ ।

सामान्य प्रशासन मन्त्रालयबाट २०७५ सालमा स्वीकृत दरबन्दी ३३१

हेटौंडा उपमहानगरपालिकाले दरबन्दी बाहिर १३ जना स्थायी र ३३ जना दैनिक ज्यालादारी कर्मचारी नियुक्त गरी पालिकाले १ करोड १८ लाख ५२ हजार तलब भत्ता भुक्तानी गरेको छ । यो कार्य स्पष्ट रुपमा प्रशासनिक कार्यविधि र कानुनी प्रक्रियाविपरीत रहेको महालेखा परिक्षकको कार्यालयले जनाएको छ ।

अर्थ मन्त्रालयको स्पष्ट निर्देशन अनुसार करार कर्मचारीलाई महंगी भत्ता दिन नपाइने व्यवस्था रहे पनि उपमहानगरले १५० करार कर्मचारीलाई प्रतिमहिना ३ हजार ३६ लाख वितरण गरेको महालेखा परिक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

रहेकोमा त्यसपछिका सर्वेक्षणहरुबाट दर बन्दी क्रमश: ५५० र हाल ७४५ जनामा पुर्याइएको छ । तर, महालेखाको प्रतिवेदन अनुसार स्थायी ३८७ र करार तथा ज्यालादारी ३६७ गरी जम्मा ५५४ जना कर्मचारी कार्यरत देखिन्छन् ।

आयभन्दा बढी खर्च

उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को विवरणअनुसार कुल रू. २४ करोड ५ लाख ७० हजार कर्मचारी पारिश्रमिकमा खर्च गरिएको छ ।

यसमध्ये करार तथा ज्यालादारी कर्मचारीका लागि मात्रै रू. ८ करोड १६ लाख खर्च गरिएको छ, जुन वडाबाट संकलित कुल राजस्व रू. ६ करोड ७७ लाख ६५ हजार भन्दा पनि बढी अर्थात १०४ प्रतिशत हो ।

महंगी भत्तामा कानुनको अवहेलना

अर्थ मन्त्रालयको स्पष्ट निर्देशन अनुसार करार कर्मचारीलाई महंगी भत्ता दिन नपाइने व्यवस्था रहे पनि उपमहानगर ले १५० करार कर्मचारीलाई प्रतिमहिना ३ हजार ३६ लाख वितरण गरेको महालेखा परिक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

स्थानीय भत्ता वितरणमा पनि त्रुटि

नेपाल सरकारद्वारा जारी वर्गीकरणअनुसार मकवानपुर जिल्ला 'ङ' श्रेणीमा पर्ने भएकाले स्थानीय भत्ता दिन नमिल्ने भए पनि, उपमहानगरले स्थायी र करार गरी ४६० जना कर्मचारीलाई मासिक तलबको १० प्रतिशतको दरले १ करोड ३३ लाखभन्दा बढी वितरण गरेको महालेखा परिक्षकको कार्यालयको प्रतिवेदनमा उल्लेख छ । यस विषयमा हरेक वर्ष महालेखाले प्रश्न उठाएको छ । तर कार्यान्यन भएको छैन ।

अवैधानिक नियुक्ति र प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार विशेष सेवाका केही पद बाहेक अन्य पदमा करार नियुक्ति गर्न नपाइने व्यवस्था रहे पनि उपमहानगरले अधिकृतस्तरका ४ जना र सहायक स्तर का ४३ जना गरी ४७ जना कर्मचारीलाई करारमा नियुक्त गरेको छ । यसरी १ करोड १९ लाख ९६ हजार तलबमा खर्च गरिएको देखिएको महालेखाले जनाएको छ ।

त्यसैगरी, कार्यसम्पादन सूचक वा प्रमाणिकरण नहुँदै प्रोत्साहन भत्ताको रुपमा मासिक ५ हजारका दरले १० कर्मचारीलाई रकम प्रदान गरिएको छ । सो क्रममा १ लाख ८ हजार खर्च गरिएको विवरणमा उल्लेख छ ।

दरबन्दीबाहिर पनि नियुक्ति

हेटौंडा उपमहानगरपालिकाले दर बन्दी बाहिर १३ जना स्थायी र ३३ जना दैनिक ज्यालादारी कर्मचारी नियुक्त गरी पालिकाले १ करोड १८ लाख ५२ हजार तलब भत्ता भुक्तानी गरेको छ । यो कार्य स्पष्ट रुपमा प्रशासनिक कार्यविधि र कानुनी प्रक्रियाविपरीत रहेको महालेखा परिक्षकको कार्यालयले जनाएको छ ।

सार्वजनिक निकायमा पारदर्शिता, जवाफदेहिता र विधिसम्मत कार्यान्वयनको अपेक्षा गरिँदै आएको अवस्थामा हेटौंडा उपमहानगरपालिकाबाट यस्ता कार्य हुनु गम्भीर चिन्ताको विषय भएको उपमहानगरवासीहरू बताउँछन्। "नियम, ऐन, र निर्देशनको उपेक्षा गरेर गरिएका नियुक्ति र भत्ता वितरणले पालिकाको आर्थिक अनुशासनमाथि प्रश्न उठाएको छ ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

वडा अध्यक्ष सुकराम केसी

९ वडा कार्यालय हेटौंडा उपमहानगरपालिका

पूर्वसभामुख महरालाई थुनामा पठाउने आदेश



◯ सहीखबर संवाददाता

काठमाडौं । पूर्वसभामुख कृष्णबहादुर महरालाई सुन तस्करी काण्डमा पुर्पक्षका लागि थुनामा पठाइएको छ ।

जिल्ला अदालत काठमाडौंमा मंगलबार र बुधबार भएको बयान र थुनछेक बहसपछि महरालाई थुना पठाउने आदेश जारी भएको हो । जिल्ला अदालत काठमाडौंका सूचना अधिकारी दीपककुमार श्रेष्ठका अनुसार उनलाई अदालतको आदेश बमोजिम सुन्धारास्थित केन्द्रीय कारागार पठाइएको हो ।

'उहाँलाई जगन्नाथदेवल कारागार पठाइएको छ,' उनले भने । मंगलबार र बुधबार भएको बयान र थुनछेक बहसपछि महरालाई थुना पठाउने आदेश जारी भएको हो ।

उनीविरूद्ध ८ करोड ५५ लाख २८ हजार ३६४ रुपैयाँ बिगो र ३ वर्षमन्दा बढी अवधि कैद सजाय मागे दाबी गरिएको थियो ।नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले महरालाई गत आइतबार पत्रकाउ गरेको थियो । उनीमाथि विद्युतीय चुरोट भेपमा लुकाएर ल्याइएको सुन विमानस्थल मन्सारबाट छुटाउन दबाब दिएको आरोप छ ।

१० पुस २०७९ मा फ्लाई दुबईको फ्लाइटनम्बर एफजेट ०५८७ नम्बरबाट काठमाडौं आएका चिनियाँ राहदानी बाहक लि हानसोङले ल्याएका दुई वटा सुटकेश शंकास्पद देखिएपछि चेकजाँच गर्दा भेप देखिपछि विमानस्थल मन्सार कार्यालयले नियन्त्रणमा लिएको थियो । पासपोर्ट फिर्ता लिएर हासोङले पर्सिपल्टै काठमाडौं छाडे। भेप भने लामो समयसम्म मन्सारमै थन्किएको ।

भेपमा तस्करीको सुन भएको सूचना पाएपछि विमानस्थलका कर्मचारीले सुदुक्क साटे । भेप साटिएको शंका लागेपछि २६ वैशाख २०८० मा मन्सारले सीआईबीलाई पत्राचार गर्दै अनुसन्धान गर्न भनेको थियो । ३ महिनासम्म लगाएर अनुसन्धान गरेको सीआईबीले ९ किलो सुन तस्करी भएको निष्कर्ष निकाल्दै मन्सारकै नासु रेवन्त खड्कासहित ६ जनाविरूद्ध मुद्दा दायर गरेको थियो ।

पूरक अभियोजनमा चिनियाँ मूलका बेल्जियमका नागरिक दावा छिरिङ, उनका गाडी चालक लोकेन्द्र पौडेल, राहुल महरा, नीमा गुरूङलाई मतियार बनाएर मुद्दा दायर गरिएको थियो । महरा संलग्न रहेको भनिएको उक्त सुन तस्करीको फाइलमा अनुसन्धान अघि बढाउँदै उनीसँग केही दिन अघि बयान लिइएको थियो ।

लगानीमा जोखिम,व्यवसायी . . .

छन् र समग्रमा करिब ४० देखि ५० प्रतिशत उद्योग मात्र सञ्चालनमा रहेको अनुमान छ । यद्यपि, उद्योगहरु पूर्ण रुपमा बन्द भने नभएको उनले बताइन् ।

आन्दोलनहरुको प्रत्यक्ष असर नदेखिए पनि केही अप्रत्यक्ष असर भने उद्योग क्षेत्रले भोगिरहेको कुँवरको भनाइ छ । चाडपर्वको समयमा बजारमा माग कम हुने र कामदार पनि बिदामा हुने हुँदा उत्पादन स्वत: घट्ने गरेको उनको भनाइ छ ।

हेटौंडा औद्योगिक क्षेत्रमा हाल १४३ उद्योग र प्रतिष्ठानहरु छन् । जसमध्ये १३० उद्योग सञ्चालनमा छन् र ११३ चालू अवस्थामा छन् । पछिल्लो समय केही नयाँ उद्योगहरु थपिनुका साथै बन्द भएका केही उद्योगहरु पुन: सञ्चालनको तयारीमा रहेको कार्यालयले जनाएको छ ।

उद्योगीहरु तत्कालको सञ्चालनमा मात्र केन्द्रित भएको तर भविष्यको लगानी विस्तारमा सोच्न नसकेको उद्योग परिसंघ बागमती प्रदेशका उपाध्यक्ष स्वागतराज प्याकुरेल बताउँछन् ।

"आन्दोलनले बजारमा पारेको मनोवैज्ञानिक असर र अन्योलका कारण समग्र आर्थिक गतिविधिमा सुस्तता आएको छ" प्याकुरेल भन्छन् । "आन्दोलनपछि उत्पादन कठौतीको अवस्था पनि देखिएको छ ।" बजारमा उत्साह नहुँदा त्यसको प्रत्यक्ष असर उत्पादनमा परेको प्याकुरेल बताउँछन् । उनका अनुसार दैनिक उपभोग्य वस्तुको बजारमा समेत असर परेको छ, जहाँ तुला रिटेल आउटलेटहरुले आफ्नो क्षमताभन्दा निकै कममा व्यवसाय सञ्चालन गरिरहेका छन् ।

"अहिलेको सबैभन्दा ठुलो चुनौती भनेकै दीर्घकालीन रुपमा के हुन्छ भन्ने अन्योल हो" उनी भन्छन् "यसले गर्दा उद्योगीहरुले नयाँ योजनाहरु अगाडि बढाउन सकिरहेका छैनन् ।"

उत्पादनमा असर र बजारमा उत्साहको कमी भइरहेको छ । बजारमा उत्साह नदेखिएपछि उत्पादन घटाउनु स्वाभाविक हो । अघिल्लो आर्थिक वर्ष पनि उत्साहजनक नरहेको अवस्थामा यो आन्दोलनले थप खिन्नता छाएको छ ।

सरकारले आन्दोलन प्रभावित उद्योगहरुका लागि राहत प्याकेज घोषणा गरे पनि त्यो प्रत्यक्ष रुपमा भौतिक क्षति बेहोरेका उद्योगहरुमा मात्र केन्द्रित रहेको प्याकुरेलको भनाइ छ। सरकारले जेनजी आन्दोलनबाट प्रभावित उद्योग, व्यापार तथा व्यावसायिक प्रतिष्ठानलाई कर छुट र सहुलियत दिने घोषणा गरेको उनले बताए ।

सरकारले डेडिकेटेड र द्रंक लाइनको बक्यौता तिर्न ताकेता गरिरहँदा त्यसले समग्र उद्योगीलाई नै असर पारेको उनले बताए । लोडसेडिङ अन्त्य भइसकेको अवस्थामा पनि पुरानै दरमा शुल्क असुल्न खोज्नु न्यायोचित नभएको उनको तर्क छ । उद्योगीहरुले अब बन्ने नयाँ सरकारसँग लगानीमैत्री वातावरण र सुरक्षाको पूर्ण प्रत्याभूति अपेक्षा गरेका छन् ।

सुरक्षाको प्रत्याभूति सरकारले गराउन नसकेसम्म नेपालमा लगानी बढ्नुको सट्टा भएकै लगानी फिर्ता हुने अवस्था आउने उनको चिन्ता छ । उद्योग क्षेत्रमा हुने अघोषित लोडसेडिङको अन्त्य, पूर्वाधार विकास र लगानीकर्ताको मनोबल बढाउने खालका नीतिहरु ल्याउन पनि उनले माग गरे ।

'प्रत्यक्ष आक्रमणमा परेका वा भौतिक क्षति भएका उद्योगलाई मात्र राहत दिने भन्ने बुझिएको छ । बाँकी उद्योगहरुले कुने विशेष सुविधा पाएको जानकारी छैन,' प्याकुरेलले थपे, 'सरकार ले औद्योगिक वातावरण निर्माण गर्न ठोस कदम चाल्नुपर्छ । उद्योग व्यवसाय गर्ने सकारात्मक माहोल बनाउनुपर्‍यो ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं,
वातावरण स्वच्छ र हराभरा राखौ ।
पानीको मुहान/स्रोत संरक्षण गरौं ।
● सहीखबर साप्ताहिक

इन्द्रसरोवर गाउँपालिकाको सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन, (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । *विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।*

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

इन्द्रसरोवर गाउँपालिका

गाउँकार्य पालिकाको कार्यालय, मकवानपुर ।

सहीखबर
फिचर समाचार/स्वास्थ्य
www.saheekhabar.com
२०८२ असोज ३० विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

काष्ठकलामा सुन्दर भविष्यको खोजी

गणेश दुलाल

मकवानपुर । हेटौँडाको पिप्लेस्थित सामुदायिक वनको भवनमा हरेक बिहान चहलपहल हुन्छ । मेसिन चलेका आवाज, काठको मसिनो धुलो र एकाग्रताका साथ करौँती चलाइरहेका हातहरूले एउटा सुन्दर सपनालाई आकार दिइरहेका हुन्छन् ।

यो सपना हो- आत्मनिर्भरता, स्वाभिमान र आफ्नै पौरखमा बाँच्ने अठोटको ।

यही सपनालाई साकार पारिरहेकी एक प्रमुख पात्र विष्णु कुमारी राई हुन् । उनको विगत र वर्तमानमा बृहत् परिवर्तन आएको छ । नेपाली समाज अनुसार नै घरको चुलोचौकोमा व्यस्त हुने उनी अहिले कर्मशील यात्रामा अरुलाई पनि सरिक गराउँदै अग्रसर छिन् ।

महिलालाई चुलाचौको र घरको स्याहारमा केन्द्रित राख्ने नेपाली समाजका लागि राई एक चुनौती हुन् । चोकचौतारो, धारा-पधेँरोमा अरुको कुरा काट्ने महिलाहरूका लागि राई कर्मशीलताको प्रेरणा हुन् । पुरुषले मात्र काष्ठकलाको काम गर्न सक्छन् भन्नेहरूका लागि गतिलो प्रतिउत्तर हुन् राई ।

घरको काम सकेर कार्यस्थल आइपुग्ने राई र उनका ७/८ जना साथी मिलेर काठका निर्जीव टुक्रामा जीवन भर्छन् । उनीहरूले तयार पारेका आकर्षक ठेकी र फ्रेमहरू आज मकवानपुरका कार्यक्रमहरूमा अतिथिलाई दिइने 'मायाको चिनो' मात्र बनेका छैनन्, यी महिलाको अथक परिश्रम र दृढ सङ्कल्पको प्रतीक पनि बनेका छन् ।

संघर्षले भरिएको सुरुवात

विष्णु कुमारी राईको काष्ठकला यात्राको सुरुवात २०७२ सालमा भएको थियो । सामुदायिक वन महासंघले दिएको काष्ठकला तालिमले विष्णुको मनमा उद्यमशीलताको बिउ रोप्यो, तर बाटो सोचेजस्तो सजिलो थिएन । सामाजिक सोच, परिवारप्रतिको जिम्मेवारी अनि उत्पादित सामग्रीको बजारीकरण लगायतको समस्याका बिच उनको कलाले स्थान पाउन मुस्किल देखिन्थ्यो ।

'यो त पुरुषले गर्ने काम हो । गाह्रो हुन्छ, सकिँदैन- धेरैको सोच यस्तै थियो । काम कसरी सुरु गर्ने भन्ने अन्योल नै थियो । एक्लैले आँट गर्ने कुरा पनि थिएन' राईले उतिवेलाको चुनौती सुनाइन् ।

यस्तै सोचका कारण धेरैले तालिम नै छोडे । तालिम लिएका धेरै महिला बिचमै हार मानेर फर्किए, तर राई र उनका ३ जना साथीले हिम्मत हारेनन् । उनीहरूले बुझेका थिए- सिप र मेहनतमा लैङ्गिक भिन्नता हुँदैन ।

सोही सोचका साथ उनीहरू अघि बढे । २०७४ मा उनीहरूले







'श्रमजीवी महिला काष्ठ उद्योग' लाई विष्णु कुमारी राईकै अध्यक्षतामा दर्ता गरे । संस्था दर्ता गरेको सुरुवाती दुई वर्ष निकै चुनौतीपूर्ण रहे । काम थाले पनि सोचेजस्तो प्रतिफल आएन । त्यस समयमा उत्पादित सामग्रीले बजार पाउँदैनथ्यो । बजारमा आयातीत काष्ठकलाको दबदबा थियो । त्यसमाथि आम्दानी कम, अर्कोतिर उद्योगको कर तिर्नुपर्ने बाध्यताले उनीहरूलाई निकै समस्या भयो ।

उनीहरूको निरन्तरता र धैर्यले अन्ततः रङ ल्यायो । आज उनीहरूको उद्योगले मासिक १५० देखि ३०० वटासम्म काठका कलात्मक सामग्री उत्पादन गर्छ । प्रतिगोटा ३०० देखि १ हजार २०० रुपैयाँसम्ममा बिक्री हुने यी सामग्रीबाट मासिक एक लाखभन्दा बढीको कारोबार हुन्छ भने कार्यक्रमहरूको सिजनमा यो आम्दानी दुई लाख रुपैयाँभन्दा बढी हुन्छ । सबै खर्च कटाएर हरेक महिलाले मासिक १५ हजारदेखि २५ हजार रुपैयाँसम्म कमाउँछन् ।

'एक समय त कर तिर्नै नसकेर के गर्ने भन्ने भयो, तर हामीले एकअर्कालाई ढाडस दियौँ र निरन्तर लागिरह्यौँ,' राईले भनिन्, 'पहिले घरखर्च र छोराछोरीको सामान्य आवश्यकताका लागि पनि श्रीमानकै भर पर्नुपर्थ्यो । अहिले आफ्नै कमाइले घरखर्चमा सघाउन, सहकारीमा बचत गर्न र मन लागेको कुरा किन्न सक्ने भएकी छु । योभन्दा ठुलो खुसी के हुन्छ र ?'

उनीहरूका उत्पादनले हेटौँडादेखि काठमाडौँसम्म बजार पाएपछि अब उद्योगको क्षमता बढाउने लक्ष्य बनाएका छन् । यसका लागि आधुनिक उपकरण र थप तालिम आवश्यक रहेको उनीहरूको बुझाइ छ । आधुनिक उपकरण र तालिममा उनीहरू स्थानीय सरकारबाट सहयोगको अपेक्षा गरिरहेका छन् ।

विष्णु कुमारी राई त प्रतिनिधि पात्रमात्र हुन् । मकवानपुरमा लघु उद्यममार्फत आफ्नो पहिचान बनाउने महिलाको संख्या बढ्दो छ । उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरको तथ्याङ्क अनुसार गत वर्ष जिल्लामा दर्ता भएका ४१८ नयाँ उद्योगमध्ये २०२ वटा महिलाका नाममा छन्, जुन सोही वर्ष पुरुषको नाममा दर्ता भएका उद्योग संख्याको लगभग हाराहारी हो ।

कार्यालयका प्रमुख उद्योग अधिकृत राम प्रसाद भुसालका अनुसार, पहिले दर्ता शुल्कमा छुट पाउनका लागिमात्र महिलाको नाममा उद्योग दर्ता गर्ने चलन थियो भने अहिले महिलाहरू आफैँ व्यवसायको नेतृत्व गर्न उत्साहित भएर आउने गरेका छन् । समाजमा आइरहेको सकारात्मक परिवर्तनको स्पष्ट संकेतका रूपमा यसलाई लिन सकिने उनको भनाइ छ ।

केही गैरसरकारी संस्थाले दिएको तालिम र सुरुवाती सहयोगले यी महिलालाई बलियो जग प्रदान गरेको छ । उनीहरू त्यही जगमा उभिएर आफ्नो भविष्य आफैँ निर्माण गरिरहेका छन् । प्रदेश र स्थानीय सरकारले उनीहरूको सिप विकास, प्रविधि हस्तान्तरण र बजारीकरणमा थप सहयोग गर्ने हो भने मकवानपुरका हरेक बेरोजगार व्यक्ति र विशेषगरी महिलाहरू उद्यमशीलतामार्फत देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्षम हुनेछन् । *रातोपाटीबाट*

बागमतीमा खरानी भएका सवारीहरु अलपत्र, २१ करोड क्षति

मकवानपुर । भ्रष्टाचार, बेथिति र सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्धको विरोधमा गत भदौ २३ र २४ गते भएको 'जेनजी आन्दोलन' ले विध्वंसात्मक रूप लिएको एक महिना बितिसक्दा पनि बागमती प्रदेशमा क्षति पुगेका संरचनाको अवशेष र जलेका गाडीहरू यथावत् रहेका छन्।

आन्दोलनको क्रममा जलाइएका सरकारी तथा निजी गाडीहरू र अन्य संरचनाको खरानी पूर्ण रूपमा व्यवस्थापन हुन सकेको छैन।

हेटौँडाको मुख्य बजार क्षेत्रको २ किलोमिटर उत्तरतर्फ अवस्थित बागमती प्रदेश सरकारका अधिकांश प्रशासनिक अड्डा राखिएका भवनहरू अहिले भग्नावशेष बनेका छन्। त्रिभुवन राजपथ र हेटौँडा-काठमाडौँ जोड्ने कुलेखानी सडकको किनारमा रहेको तत्कालीन श्रम कार्यालयको पाँचतले भवन पूर्ण रूपमा ध्वस्त छ। प्रदेशका चार मन्त्रालय रहेको उक्त भवनको आँगनमा अहिले जलेका सवारीसाधन अझै देख्न सकिन्छ।

एक महिनाअघिसम्म सर्वसाधारण र सवारीको बाक्लो उपस्थिति हुने सो क्षेत्र अहिले सुनसान छ। सडकबाट नियालेर हेर्ने यात्रु बाहेक त्यहाँ न कर्मचारी भेटिन्छन्, न सेवाग्राही। जलेर बाँकी रहेका कालो भवनमा फुटेका सिसा, पग्लेका आल्मुनियम र जल्न बाँकी रहेका एसीका केही भागहरू देख्न सकिन्छ।

सो भवन मात्र नभई हेटौँडा-१० मा रहेको प्रदेशसभा भवन, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका भवनहरूको जलेर बाँकी रहेका सामानहरू पनि असरल्ल अवस्थामा छन्।

आन्दोलनका क्रममा बागमती प्रदेश सभाको नवनिर्मित भवन पूर्ण रूपमा क्षतिग्रस्त भएको थियो, जसबाट करिब ३० देखि ३५ करोड रुपैयाँ बराबरको क्षति भएको अनुमान छ। आगजनीबाट प्रदेश सभाका ५ वटा भवन, ३ वटा चारपाङ्ग्रे गाडी, ६ वटा मोटरसाइकल र कार्यालयका अधिकांश सामग्री नष्ट भएको जनाइएको छ।



बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार, यस आन्दोलनका क्रममा प्रदेश सरकारको मातहतमा रहेका भौतिक संरचना, सवारी साधन र जिन्सी सामान गरी कुल ८९ करोड ९३ लाख रुपैयाँ बराबरको क्षति भएको छ। प्रदेशका विभिन्न जिल्लामा गरी कुल ६० वटा सरकारी भवनमा क्षति पुगेकोमा २६ वटामा पूर्ण (अति) क्षति र ३४ वटामा आंशिक क्षति पुगेको उनको भनाइ छ। यसमध्ये सबैभन्दा बढी मकवानपुरमा ४० वटा सरकारी संरचनामा क्षति पुगेको छ।

१९५ सवारी साधनमा आगजनी, २० करोड बढीको जिन्सी क्षति

मन्त्री तामाङका अनुसार आन्दोलनका क्रममा १४२ वटा दुईपाङ्ग्रे र ५३ वटा चारपाङ्ग्रे गरी कुल १९५ सवारी साधनमा क्षति पुगेको छ। सवारी साधनतर्फ मात्रै २१ करोड ६७ लाख ५५ हजार रुपैयाँ (मूल्यह्रासपछि) बराबरको क्षति भएको उनले बताए।

यसका साथै, कार्यालयका फर्निचर, कम्प्युटर, कागजातलगायतका जिन्सीतर्फ २० करोड ४० लाख ८१ हजार रुपैयाँ बराबरको क्षति भएको प्रदेश सरकारको तथ्याङ्क छ।

पुनर्स्थापनाबारे सरकार अलमलमा

जेनजी आन्दोलनको क्षति व्यवस्थापनबारे प्रदेश सरकार अझै अन्योलमा देखिएको छ। क्षतिग्रस्त संरचनाहरूको पुनर्स्थापनाका विषयमा सरकारले ठोस कदम चाल्न सकेको छैन।

प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले असोज पहिलो साता नै क्षतिग्रस्त विभिन्न सरकारी भवनहरूको प्रारम्भिक द्रुत जोखिम मूल्याङ्कन गरेको थियो। यस मूल्यांकनको आधारमा सहरी विकास तथा भवन कार्यालय र प्रदेश सभा हलका २ भवनलाई रातो स्टिकर टाँसेर प्रयोग गर्न अयोग्य ठहर गरिएको थियो। सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय र प्रदेश सभा सचिवालयका दुई वटा ब्लकहरूमा भने 'यल्लो स्टिकर' टाँसिएको थियो।

योजना अनुसार ४ मन्त्रालय रहेको भवनलाई पहिलो प्राथमिकतामा राखेर पुनर्स्थापना गर्ने र क्रमशः सामाजिक र स्वास्थ्य, प्रदेशसभा लगायतका भवनको पुनर्स्थापनामा जुट्ने योजना बने पनि कार्यान्वयनमा आउन सकेको छैन।

यद्यपि, मन्त्री तामाङले क्षतिको व्यवस्थापन र पुनर्स्थापनाको काम तत्काल गर्न मन्त्रिपरिषद्ले निर्देशन दिएको र २ महिनामा पुनर्स्थापना सक्ने गरी काम गर्ने सार्वजनिक अभिव्यक्ति दिएका थिए। उनले क्षतिग्रस्त संरचनाहरूको पुनर्स्थापनाका लागि आर्थिक मूल्याङ्कन तयार भइसकेको र स्रोत सुनिश्चितता समेत भएको दाबी गरे।

प्रदेश सरकारले तयार गरेको मूल्याङ्कनअनुसार पुनर्स्थापनाका लागि ७१ करोड ४१ लाख रुपैयाँभन्दा बढी लाग्ने प्रारम्भिक अनुमान छ। केही भवनहरू मर्मत गरेर पनि सञ्चालन गर्न नसकिने अवस्थामा रहेकाले सरकार यस विषयमा गम्भीर रहेको उनको भनाइ छ।

बागमती सरकार लाइसेन्स दिन संघको अनुमति कुर्दै

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले संघीय सरकारले अनुमति दिए महिना दिनभित्रमा स्मार्ट लाइसेन्स वितरण प्रक्रिया सुरु गरिने बताएको छ।

श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाले पत्रकार सम्मेलन गर्दै संघीय सरकारले अनुमति दिएको एक महिनाभित्र स्मार्ट ड्राइभिङ लाइसेन्स वितरण प्रक्रिया सुरु गर्ने तयारीमा रहेको जानकारी गराएका हुन्।

बागमती इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स प्रणाली (इडीएल) मार्फत सेवाग्राहीले लिखित र ट्रायल परिक्षा बाहेकका सबै प्रक्रिया अनलाइनबाटै लिन सकिने उल्लेख गर्दै मन्त्री थापाले प्रदेश सरकारले स्मार्ट लाइसेन्स छपाइको काम अघि बढाएको बताएका हुन् । जसका लागि छपाइ मेसिन समेत ल्याइसकिएको मन्त्री थापाले बताए।

यस्तै उनले गत भदौ २३ र २४ गते भएको जेन-जी प्रदर्शनका क्रममा क्षति भएका सवारी साधनहरुको चालु आर्थिक वर्षको कर तथा नवीकरण दस्तुरमा शतप्रतिशत छुट गर्ने निर्णय गरिएको जानकारी दिए।



साथै प्रदर्शनका क्रममा यातायात कार्यालयको सेवा अवरुद्ध भएको अवगत गराउँदै उनले भने, 'कार्यालयको सेवा अवरुद्ध हुँदा समयमै सेवा दिन नसक्दा जरिवाना पर्ने अवस्थाका सेवाग्राहीलाई लाग्ने जरिवाना छुट गरिने प्रक्रिया अघि बढाएका छौं।'

जेन-जी प्रर्दशन पश्चात् केही दिनमै सेवा सुचारु गरि सेवा प्रवाह गरेको यस मन्त्रालयले मन्त्रालय मातहतका कार्यालयहरुको सेवा भने पुरानै लयमा दिन नसकिएको मन्त्री थापाले बताए।

उनका अनुसार उक्त प्रदर्शनपछि ड्राइभिङ लाइसेन्सको परीक्षा, नवीकरण लगाएतका सेवा सुचारु गर्न सकिएको छैन ।

स्वच्छ, सफा खानेपानी तथा वातावरणीय सरसरसफाइ सम्बन्धी

जनहितकारी सन्देश पढौं, सोचौ तथा व्यवहारमा अवलम्बन गरी असल नागरिकको परिचय दिऔं ।

सावुन पानीले अनिवार्यरूपमा हातधुने बानी बसालौ ।

☐ चर्पीको प्रयोगपछि,
☐ खाना बनाउनु, पस्कनु, खानु र खुवाउनु अघि,
☐ कुनै फोहोरकुरा विषादी छोएपछि,
☐ बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि,
☐ खानेपानीको मुहान, स्रोत, धारा संरक्षण तथा सफा राखौं,
☐ खुल्ला स्थानमा दिसा, पिसाव नगरौं,
☐ फोहोरमैलाको उचित व्यवस्थापन गरौं,
☐ स्वच्छ, सफा पिउने पानीमात्र प्रयोग गरौ ।
☐ घर, आँगन, उद्यान, बाटोलगायत सार्वजनिक स्थान सफा राखौं ।

शुद्धिकरण गरेको पानीमात्र पिउने गरौं

☐ उमालेर, फिल्टर गरेर, क्लोरिनहालेर, सोडिस गरेर मात्र पिउने गरौं ।
☐ खानेपानीको टँकीमा ब्लीचिङ पाउडर नियमित प्रयोगगर्ने गरौं ।
☐ सुरक्षित पिउने पानी प्रयोग गरी झाडा पखाला, आँउ, रगतमासी, हैजा, जुका,म्यादेज्वरो, कमलपित्त, हेपाटाइटिस 'ए' आदि जस्ता रोगबाट बचौं ।
☐ सिंचाइ गरौं, उत्पादन बढाऔं, गरिवी घटाऔ ।
☐ बाढी, पहिरो, भूक्षय र डुवान जस्ता जल उत्पन्न प्रकोपबाट बच्न आवश्यक सावधानी अपनाऔं ।

स्वच्छ, सफा, सुन्दर वातावरण बनाऔ, असल नागरिक बनौं

१५ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका

जनस्वास्थ्य कर्यालय मकवानपुरद्वारा जनहितमा जारी सन्देश

मकवानपुर जिल्लाको छिमेकी जिल्लाहरु बारा, पर्सा, रौतहटलगायत अन्य जिल्लाहरुमा झाडापखाला, हैजा जस्ता पानीजन्य रोगहरु दिन प्रतिदिन बढ्दो रुपमा देखापरिरहेको साथै मकवानपुर जिल्लामा पनि पानीजन्य रोगहरुको प्रकोप (Out Break) हुन नदिन साथै गर्मी तथा बर्षायामसंगै फैलने झाडापखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको प्रकोप (Out Break) हुन नदिन विभिन्न उपायहरु अपनाउन अनुरोध गरिन्छ ।

झाडा पखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको प्रकोप (Out Break) हुन नदिन विभिन्न उपायहरु जस्तैः काँचै खाने फलफुल तथा तरकारीलाई सुरक्षित पानीले राम्रोसंग पखालेर मात्र खाने, पानीलाई राम्ररी छोपेर राख्ने, भान्छालाई व्यवस्थित र सफा राख्ने, राम्रोसँग पाकेको कुराहरु मात्र खाने, भाडाकुडालाइ राम्रोसँग भित्र बाहिर सफा गर्ने, खाना पकाउनु र पस्कनु अघि राम्रोसँग साबुन पानीले हातधुने, बच्चालाई खाना खुवाउने भाँडा जस्तैः दुधदानी चम्चा कचौरा आदि निर्मलीकरण गर्ने र बासी सडेगलेका झिंगा भन्केका खानेकुरा नखाने व्यवहारहरु अपनाउने गरौ ।

याद गर्नुहोस वर्षायामसंगै फैलने झाडापखाला तथा हैजा जस्ता पानीजन्य रोगहरुको लक्षणहरु देखा परेमा नजिकैको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग सम्पर्क गरौं ।

जनस्वास्थ्य कार्यालय
मकवानपुर

जेष्ठ नागरिकको सम्मान गरौं

❖ जेष्ठ नागरिक अनुभव र ज्ञानका भण्डार हुन् ।
❖ जेष्ठ नागरिकको भूमिकालाई परिवार र समाजमा महत्व दिऔं, निर्णय प्रक्रियामा समावेश गराऔं,
❖ स्वास्थ्य र सुरक्षा सुनिश्चित गरौं
❖ एक्लोपन हटाउन सँगै समय बिताउने गरौं
❖ सामाजिक र सांस्कृतिक कार्यक्रममा सहभागी गराऔं,
❖ आर्थिक रूपमा सहयोग र सुरक्षा उपलब्ध गराऔं,
❖ अधिकार र स्वाभिमानको रक्षा गरौं,
❖ सद्भाव र माया बढाई परिवार र समाजको अभिन्न हिस्सा बनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड